का.जि.प्र.का.द.नं. १००/०५९/६०


२६ भदौ २०८०,
मंगलबार
12 September 2023,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपपर हेर्न

वर्ष २१, अंक २२९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# सभापतिको तयारीमा शशांक

दशैंलगत्तै कार्यकर्ताको चाहना बुझ्न देश दौडाहामा जान्छु । कार्यकर्ताले गरेको मूल्यांकनका आधारमा अगाडि बढ्छु ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ भदौ ।

नेपाली कांग्रेसका नेता डा. शशांक कोइरालाले आगामी महाधिवेशनमा पार्टी सभापति पदमा उम्मेदवारी दिने गरी अगाडि बढेका छन् । यसका लागि कार्यकर्ताको चाहना बुझ्न देश दौडाहामा निस्कने उनको योजना छ ।

कार्यकर्ताले आवश्यकता महसुस गरे सभापतिको उम्मेदवारी दिने उनको भनाइ छ । 'दशैं लगत्तै कार्यकर्ताको चाहना बुझ्न देश दौडाहामा जान्छु' कोइराला भन्छन्, 'कार्यकर्ताले गरेको मूल्यांकनका आधारमा अगाडि बढ्छु ।' आन्तरिक छलफलमा उनले १५ औं महाधिवेशनमा सभापति पदमा उमेदवारी दिने र जित्नेमा आफू विश्वस्त रहेको बताउँछन् । यसका लागि अहिले नै माहोल बनाउने उनको प्रयास छ । यसकै लागि उनी देश दौडामा निस्कन लागेका हुन् ।

> सभापति देउवाले भावी सभापतिमा शशांकलाई अघि सार्न खोजेको संकेत कांग्रेस संरचनामा स्थानीय तहसम्मै पुगेको छ । यस सन्देशलाई नेता/कार्यकर्तले कुन रुपमा लिएका छन् भन्ने बुझेर थप कदम चाल्ने डा. शशांकको योजना छ ।

सभापति लिनेमा उनको दुई वटा प्रयास छ । कांग्रेसको शक्ति बिपीको विचार भएकाले पार्टी यो विचारबाट विचलित हुन नहुने र त्यसका लागि आफू अडिग रहेको भनी कार्यकर्ताको मन जित्ने उनको प्रयास छ ।

'परिवर्तनका लागि लामो इतिहास बोकेको कांग्रेस विचारकै कारण उत्कृष्ट पार्टी रहेको र यसको कार्यान्वयनमा सबै नेता कार्यकर्ता इमान्दार हुनुपर्दछ' उनी भन्छन्, 'म अठोटका »» पृष्ठ २ मा

## आन्तरिक छलफलमा इत्तर पक्ष



डा. शशांक इतर पक्षमा तयार हुन खोजेका नेताहरुको सामुहिक भेटले पनि उनी सभापतिका लागि अगाडि बढेको प्रष्ट संकेत गर्दछ ।

१४ औं महाधिवेशनमा प्यानल बनाएर चुनाव लडेका शेखर कोइराला, गगन थापासँगै अर्कै प्यानलबाट महामन्त्री जितेका विश्वप्रकाश शर्मा र देउवाकै प्यानलबाट महामन्त्री उठेर पराजित भएका प्रदीप पौडेल एकै ठाउँमा उभिएका छन् । केही दिन »» पृष्ठ २ मा

समाजवादी मोर्चाको सन्देश

# कोशी नाम अस्वीकार

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'समेत सहभागी सार्वजनिक कार्यक्रमबाटै समाजवादी मोर्चाले प्रदेश नम्बर एकको नाम कोशी अस्वीकार गरेको सन्देश प्रवाह गरेको छ ।

**रामएकवाल राम/मध्यान्ह**
विराटनगर, २५ भदौ ।

प्रदेश १ को नाम ६ महिना अघि कोशी प्रदेश राखिएको थियो । प्रदेश नामकरणको प्रस्ताव प्रदेश सभाबाट दुई तिहाई बहुमतले पारित भएको थियो । उक्त नाममा हस्ताक्षर गर्ने नेकपा माओवादी केन्द्र सम्मिलित समाजवादी मोर्चाले प्रधानमन्त्री पुष्पकमल दाहाल समेत सहभागी सार्वजनिक कार्यक्रमबाटै प्रदेश नम्बर एकको नाम कोशी अस्वीकार गरेको सन्देश प्रवाह गरेको छ ।




सोमबार समाजवादी मोर्चाले विराटनगरमा सन्देश सभा राखिएको थियो । जसको ब्यानरमा कोशी नाम राखिएको छैन । कोशी नामै नलेखी विराटनगरमा समाजवादी मोर्चाको प्रदेश स्तरीय सन्देश सभा गरेको हो ।

मोर्चामा रहेका जनता समाजवादी पार्टी (जसपा), एकीकृत समाजवादी, माओवादीभित्र कोशी लेख्ने नलेख्ने विषयमा विवाद भएपछि कोशी नलेखी कार्यक्रम गरिएको हो । कोशी प्रदेश नलेखिएको ब्यानरमा आयोजित कार्यक्रममा प्रधानमन्त्री तथा माओवादी अध्यक्ष प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र जसपा अध्यक्ष उपेन्द्र यादव लगायत नेताहरू वक्ताको रुपमा सहभागी थिए ।

विराटनगर स्थित मनास्लु होटलमा अयोजित कार्यक्रमको कुनै ब्यानर र प्रचार सामाग्रीमा कोशी लेखिएन् । मोर्चाको उद्देश्य एकातिर र नामको विषय अर्कोतिर भएकोले नाम नलेखिएको मोर्चाका नेताहरुले तर्क गरिरहेका छन् ।



> नामाकरणको विषयमा कन्फ्रन्टेसन होइन, वार्ता र संवादबाट जनताको भावनाको कदर हुने गरी समाधान खोजिनुपर्छ ।
>
> **प्रचण्ड**
> **प्रधानमन्त्री**

तर, प्रधानमन्त्री नै सहभागी यो कार्यक्रममा राखिएको ब्यानरले प्रधानमन्त्री कोशी नाम कार्यान्वयनमा अनिच्छुक रहेको प्रष्ट हुन्छ । मोर्चाले यस अघि अरु प्रदेशमा गरिएको कार्यक्रममा भने प्रदेशको नाम राखिएको थियो ।

गएको फागुन १७ गते प्रदेशको नामकरण हुँदा मोर्चामा रहेको माओवादीले कोशीको पक्षमा मतदान गरेको थियो । मोर्चामा आबद्ध एकीकृत समाजवादीले भने कोशीको विपक्षमा मतदान गरेको थियो ।

जनता समाजवादी पार्टी नेपाल सम्बद्ध पहिचानका लागि राष्ट्रिय समिति र नेकपा (एकिकृत समाजवादी) सम्बद्ध संगठनले समाजवादी »» पृष्ठ २ मा

# 'एयर वे' बिल नै नक्कली



> तस्करहरूले जुन एयर वे बिल भन्सारमा बुझाएका थिए, बिल र त्यहाँ भएको विवरण नक्कली भएको हङकङ भन्सारले जानकारी दिएको छ ।
>
> **शोभाकान्त पौडेल**
> महानिर्देशक, भन्सार विभाग

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २५ भदौ ।

सुन तस्करी प्रकरण

६१ किलो सुन तस्करी प्रकरणमा त्रिभुवन विमानस्थल भन्सारमा बुझाएको एयर वे बिल नै नक्कली रहेको पाइएको छ ।

राजस्व अनुसन्धान विभागको टोलीले बरामद गरेको करिब ६१ किलो सुन भित्याउँदा तस्करले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित भन्सार कार्यालयमा बुझाएको एयर वे बिल (पूर्व विवरण) नै नक्कली रहेको पाइएको प्रहरीले जनाएको छ । तस्करले बुझाएको एयर वे बिल नक्कली रहेको हङकङ भन्सारले पुष्टि गरेको हो ।

हङकङले उक्त जानकारी भन्सार विभागलाई दिएको छ । 'तस्करहरूले जुन एयर वे बिल भन्सारमा बुझाएका थिए, बिल र त्यहाँ भएको विवरण नक्कली भएको हङकङ भन्सारले जानकारी दिएको छ' भन्सार विभागका महानिर्देशक शोभाकान्त

> करिब ६१ किलो सुन भित्याउँदा तस्करले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित भन्सार कार्यालयमा बुझाएको एयर वे बिल नै नक्कली रहेको पाइएको प्रहरीले जनाएको छ ।

पौडेलले भने । गएको साउन २ गते अवैध रूपमा ल्याइएको करिब ६१ किलो सुन भन्सार जाँचपास भइसकेको अवस्थामा राजस्वको टोलीले बरामद गरेको थियो । मोटरसाइकलको ब्रेक सुमा राखी तस्करले सुन भित्र्याएका थिए । पछि सुन गाल्दा करिब ६१ किलो निस्किएको थियो ।

उक्त सुनका विषयमा हङकङलाई पत्र लेखी अनुसन्धानमा सघाउन भन्सार विभागले आग्रह गरेको छ । हङकङ भन्सारले पत्रको जवाफ »» पृष्ठ २ मा

## वाङको डेरामा छापा खाली सेफ बरामद

विद्युतीय चुरोट भेपमा लुकाएर सुन तस्करी गर्ने समूहका एकजना चिनियाँको डेरामा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबीले)ले छापा मारेको छ । तस्करीमा संलग्न चिनियाँ नागरिक दाओजिन वाङ बस्ने सीतापाइला स्थित डेरामा छापा मारिएको हो ।

दाओजिन वाङ फरार छन् । उनको डेराबाट डिजिटल सेफ बरामद गरिएको अनुसन्धानमा संलग्न अधिकृतले बताएका छन् । हङकङबाट तस्करी »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# श्रम आप्रवासनसम्बन्धी उच्चस्तरीय छलफल शुरु
# आज प्रधानमन्त्रीको सम्बोधन

**काठमाडौं/रासस-** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले श्रम आप्रवासनसम्बन्धी समस्या र तिनको सम्बोधनमा केन्द्रित रहेर विदेशस्थित नेपाली कूटनीतिक नियोगका प्रमुखहरुसँग अन्तरक्रिया गरिरहेका छन् । सोमबार र मंगलबार गरी दुई दिनका लागि आयोजना गरिएको अन्तरक्रियामा १३ देशमा क्रियाशील कूटनीतिक नियोगका प्रमुखहरु उपस्थित छन् ।

अन्तरक्रियामा कूटनीतिज्ञहरुले अन्तर्राष्ट्रिय श्रम बजारसँग सम्बन्धित समस्या र त्यसको सम्बोधनका विषयमा अन्तरक्रियात्मक रिपोर्ट राखेका छन् । अन्तरक्रियामा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव केवलप्रसाद भण्डारीले श्रम आप्रवासन सवालहरु र कूटनीतिक नियोगको भूमिका विषयमा संक्षिप्त अवधारणा प्रस्तुत गरे । भण्डारीले प्रस्तुत गरेको अवधारणापत्रमा श्रम बजार र आप्रवासनसम्बन्धी वर्तमान अवस्था, विप्रेषण र यसको सघन उपस्थिति, द्विपक्षीय श्रम सम्झौता र समझदारी, वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँचबुझ निर्देशिका, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति र व्यक्तिगत श्रम स्वीकृति उल्लेख छ ।

साथै राहत, उद्धार र कल्याणकारी कार्यको सञ्चालन, कानुन प्रतिरक्षाको अवस्था, श्रम सम्बन्ध, आश्रयस्थल, स्थानीय कर्मचारी व्यवस्था, संस्थागत व्यवस्था र श्रम सहचारीको अवस्था, दक्षिण कोरियाको ई-७ भिसा विशेष, जापानको निर्दिष्ट सीपयुक्त कामदारसम्बन्धी अवस्था, अभिलेख नभएका श्रम आप्रवासीको अभिलेखन गर्नेबारे पनि प्रतिवेदनमा समेटिएको छ ।

घरेलु कामदारसम्बन्धी सवाल, सरकार सरकारबीच सम्झौताबाट श्रमिक आपूर्ति, सामाजिक सुरक्षा कोषमा आवद्धता सम्बन्धमा, विशिष्टिकृत श्रम, सीप, तालिम र भाषा विशेषको परीक्षणबारे, परामर्शदाताको अधिकतम सेवा शुल्क सम्बन्धमा, विप्रेषण आप्रवाहलाई औपचारिक माध्यमबाट देश भित्र्याउने सम्बन्धमा, शैक्षिक परामर्श र ट्राभल एजेन्सीबाट अनेक स्वरुपमा विदेशिने समस्याबारे, नयाँ श्रम गन्तव्य र श्रम बजारको सम्भावनाबारे, अपेक्षित उपलब्धि र परिणाम लगायतका विषयहरु पनि समेटिएको छ । अवधारणापत्रमा श्रम आप्रवासनका मुख्य १० गन्तव्यमा कतार, मलेसिया, »» पृष्ठ २ मा

## 'वैदेशिक रोजगारमा गएकाहरु केन्द्रबिन्दुमा'

**मोरङ/मस-** प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले वैदेशिक रोजगारीमा रहेका लाखौं नेपाली युवायुवतीहरुको सुरक्षित भविष्यका लागि आफू गम्भीरतापूर्वक लागिरहेको बताएका छन् ।

सोमबार विराटनगरमा समाजवादी मोर्चाको प्रदेशस्तरीय सभालाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले यस पटक सुशासनको सुनिश्चिततासहित आफ्नो मुख्य ध्यान वैदेशिक रोजगारीसहित विविध कारणले विदेशमा रहेका नेपाली युवाहरुको अवस्था सुधारका काममा केन्द्रित रहेको बताए । »» पृष्ठ २ मा

JOB VACANCY

OFFICE MANAGER -2 (M/F)
DOCUMENTATION -2 (F)
PRO -4 (M/F)

PERFECT
Recruiting Service Pvt. Ltd.

Salary: Attarctive salary for deserving candidates.
Incentive scheme available.



Required Qualification & Skills

- Minimum of 2/3 years experience in an overseas employment agency as a Office Manager, Documentation and PRO.
- Nationwide strong network for candidates pooling.
- Basic knowledge of CVs & candidates screening
- Problem-solving skills
- Basic knowledge of CV/Resume
- Basic knowledge of CV/Resume
- Undestanding of job profiles for various blue-collar positions
- Team player
- Time management
- Proficient in MS Office
- Good communication skills in the English language
- Bachelor's Degree

Please send your CV
info.perfectrecruiting@gmail.com
www.perfectrecruiting.com.np.

## सभापतिको...

साथ भन्छु- मेरो नेतृत्वमा कांग्रेस एकजुट हुन्छ र अगाडि बढ्छ यसो हुँदा कुनै पनि शक्तिले कहिलै पनि हराउन सक्दैन ।'

आफ्नो नेतृत्वमा गुट नहुने दाबीका पछाडि पनि कारण छ । कांग्रेस सभापति शेरबहादुर देउवाको बलमा नेतृत्व हत्याउने उनको दाउ छ ।

गत बुधबार भरतपुर विमानस्थलमा पत्रकारहरुसँगको कुराकानीमा कांग्रेसका पूर्वमहामन्त्री समेत रहेका डा.कोइरालाले आगामी महाधिवेशनमा पार्टी सभापति शेरबहादुर देउवाका तर्फबाट आफू सभापतिको उम्मेदवार बन्न सक्ने बताए। सभापति देउवाका तर्फबाट आगामी महाधिवेशनमा शशांक कोइराला उम्मेदवार बन्न सक्ने चर्चा चलिरहँदा उनले त्यसको पुष्टि गर्ने गरी जवाफ दिएका हुन् ।

कांग्रेसको आगामी महाधिवेशनमा सभापति देउवाको समूहबाट उम्मेदवार हुने सम्भावना कत्तिको छ भन्ने प्रश्नमा डा. कोइरालाको जवाफ छ, 'सम्भावना छ ।' तर यस विषयमा पार्टीका नेताहरुसँग सल्लाह गरेर मात्रै सभापतिको उम्मेदवारीको विषयमा निर्णय लिने उनको भनाइ थियो । सभापति देउवाले भने यस विषयमा केही नभनेको उनको जिकिर थियो ।

'सभापति शेरबहादुरजीले केही नभनेको भए पनि पार्टीका साथीहरूको विचार यही नै हुन सक्छ । पूर्वदेखि पश्चिमसम्म साथीहरूसँग भेटघाट गरौं, उहाँहरूको विचार सुनौं, अनि मात्रै निर्णय गर्छु' डा. शशांक कोइरालाले भनेका छन् ।

सभापति देउवाले भावी सभापतिमा शशांकलाई अघि सार्न खोजेको संकेत कांग्रेस संरचनामा स्थानीय तहसम्मै पुगेको छ । यस सन्देशलाई नेता/कार्यकर्तालाई कुन रुपमा लिएका छन भन्ने बुझेर थप कदम चाल्ने डा.शशांकको योजना छ ।

## आन्तरिक...

अगाडि उनीहरूले पूर्वसहमहामन्त्री अर्जुननरसिंह केसीको निवास बुढानिलकण्ठ इटालीटारमा पहिलो चरणको छलफल समेत गरिसके ।

छलफलमा सहमहामन्त्रीहरू बद्री पाण्डे र जीवन परियार, नेताहरू बलबहादुर केसी र दिलेन्द्रप्रसाद बडू पनि सहभागी थिए । उक्त छलफलमा अनुपस्थित रहेका शेखर कोइराला निरन्तर संवादमा रहेको नेताहरु बताउँछन् ।

संस्थापनइतरका अरू नेता २०७८ मंसिरको १४ औं महाधिवेशनमा सँगैसँगै थिए । महामन्त्री शर्मा र केन्द्रीय सदस्य पौडेल भने संस्थापनइतर पक्षको छलफलमा पहिलो पटक सहभागी भएको तस्बिर सार्वजनिक भएको छ ।

२०७९ पुस ६ मा भएको संसदीय दल नेता चुनावमा उम्मेदवार रहेका महामन्त्री थापालाई अर्का महामन्त्री शर्मा र केन्द्रीय सदस्य पौडेलले साथ दिएका थिए । त्यसै बेलादेखि नजिकिएका शर्मा र पौडेललाई संस्थापनइतर समूहमा सक्रिय बनाउन केसी निवासमा छलफल भएको थियो ।

डा.शेखर देउवा पक्षाको उम्मेदवार भए संस्थापनइतर पक्षलाई बलियो बनाउँदै जानुपर्ने विषयमा रणनीतिक हिसाबले छलफल सुरु भएको नेताहरु बताउँछन् ।

कांग्रेस विधानअनुसार महाधिवेशन हरेक ४ वर्षको अन्तरालमा गर्नुपर्छ। ०८२ भित्र १५ औं महाधिवेशन गरिने महामन्त्री थापाले यसअघि नै बताइसकेका थिए। कांग्रेस संस्थापन पक्ष र इतर पक्षले तत्कालीन र दीर्घकालीन रुपमा महाधिवेशन लक्षित गतिविधि अहिलेदेखि नै भित्री रुपमा सुरु गरेका हुन् ।

## समाजवादी...

मोर्चाको बिराटनगरको सन्देश सभामा कोशी नाम व्यानरमा नराख्न अपिल गर्दै शनिबार संयुक्त प्रेस विज्ञप्ति जारी गरेका थिए ।

प्रदेशसभाले कोशी नामकरण गरेपछि यहाँ विवाद भइरहेको छ । पहिचान पक्षधरले कोशी नाम खारेजको माग गर्दै विभिन्न आन्दोलन गरिरहेका छन् । यही बेला समाजवादी मोर्चाले कोशी नाम उल्लेख नगरी कार्यक्रम गरेको हो ।

'हाम्रो कार्यक्रमको सन्देश उत्पीडित जातिहरुको असन्तुष्टि सम्बोधन गर्नुपर्छ भन्ने थियो' जसपाका कोशी प्रदेश अध्यक्ष दीपक याख्खाले भने । कार्यक्रमको सुरुवातमै स्वागत मन्तव्य दिँदै नेकपा एकीकृत समाजवादीका प्रदेश अध्यक्ष बलदेव चौधरीले कोशी नाम प्रदेशवासीले अस्वीकार गरेको बताए ।

कार्यक्रममा पूर्वमन्त्री तथा जसपा प्रदेश इन्चार्ज रकम चेम्जोङले कोशी नामकरण जनताले नरुचाएको बताए ।

एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल भने नामकरणको विवादको विषयमा प्रवेश गरेनन् ।

प्रधानमन्त्री प्रचण्डले नामकरणको विषयमा देखिएको विवाद वार्ता र छलफलबाट समाधान गर्न आफू सुरुदेखि नै लागेको बताए । 'कन्फ्रन्टेसन होइन, वार्ता र संवादबाट जनताको भावनाको कदर हुने गरी समाधान खोजिनुपर्छ' उनले भने ।

जसपा अध्यक्ष यादवले प्रदेशको नाम जनताले अस्वीकार गरेको बताउँदै यसलाई सम्बोधन गर्नुपर्ने बताएका थिए ।

## सुन...

पठाउँदै अनुसन्धानमा सघाउने प्रतिबद्धता जनाएको छ ।अनुसन्धानमा सघाउने वचन दिएको हङकङले विभागसँग एयर वे बिल मागेको थियो । हवाईजहाजबाट सामान ल्याउँदा सम्पूर्ण विवरण खुल्ने कागजात नै एयर वे बिल हो । एयर वे बिलका आधारमा हङकङ भन्सारले थप अनुसन्धान गर्ने र त्यसबाट पत्ता लागेको विषय विभागसँग सेयर गर्ने प्रतिबद्धता जनाएको थियो । त्यसपछि विभागले एयर वे बिल हङकङ पठाएको थियो ।

हङकङ भन्सारले अनुसन्धानपछि ती सम्पूर्ण कागजात नक्कली भएको जानकारी विभागमा पठाएको महानिर्देशक पौडेलले बताए ।

## वाङको...

गरेर ल्याएको ६० किलो ७ सय १६ ग्राम सुन र विद्युतीय चुरोट भेपमा लुकाएर सुन तस्करी गर्ने समूहबिच कनेक्सन देखिएको छ । भेपमा लुकाएर दुबईबाट ल्याएको सुनबारे सीआईबीले अनुसन्धान गरिरहेको छ ।

प्रहरीका अनुसार ६१ किलो सुन तस्करीमा अहिलेसम्म ३ जना चिनियाँ नागरिकको मुख्य भूमिका देखिएको छ। एलेक्स भनेर चिनिने याओ पुचेङ्ग र अलि भनेर चिनिने ली वेन सुङ्ग र जिक्वान लिन मुख्य भूमिकामा देखिएका हुन्। भारतको राजस्व अनुसन्धान निर्देशनालय (डीआरआई)ले सञ्चालन गरेको अपरेसन गोल्डेन ट्याप र मोल्टेन मेटलमा पनि पक्राउ गरिएको चिनियाँहरू संलग्न देखिएका थिए।

तिब्बती मूलका बेल्जियन नागरिक छिरिङ र चिनियाँ नागरिक सँग दाओजिन सम्पर्कमा देखिएका हुन् ।

## श्रम...

साउदी अरब, संयुक्त अरब इमिरेट्स्, कुवेत, बहराइन, दक्षिण कोरिया, ओमान, जापान, रोमानिया रहेको उल्लेख छ ।

साथै नेपाली श्रमिकले वैदेशिक रोजगारीका क्रममा भोग्नुपरेको विभिन्न समस्या उल्लेख गर्दै त्यसको समाधानका विकल्प प्रस्तुत गरिएको छ । अन्तरक्रियामा मागपत्र प्रमाणीकरण, जाँचबुझमा रहेका समस्या, वैदेशिक रोजगारीमा हुने ठगी, कार्यस्थलमा श्रमिकले भोगेका समस्या, मानव तस्करीको समस्या, विदेशमा रहेका कागजातविहीन नेपाली श्रमिकका समस्या, फ्रि भिसा फ्रि टिकटको अवस्था र समस्या, ई-भिसा, सिजनेवल भिसाका समस्या, नेपाली कूटनीतिक नियोगको प्रभावकारितालगायत श्रम आप्रवासनलाई सुरक्षित, मर्यादित र विश्वासनीय बनाउने विविध विषयमा छलफल हुनेछ ।

अन्तरक्रियामा अष्ट्रियाका लागि नेपाली राजदूत भरत गौतम, ओमानका लागि नेपाली राजदूत डोरनाथ अर्याल, जर्मनीका लागि नेपाली राजदूत रामकाजी खड्का, जापानका लागि नेपाली राजदूत दुर्गाप्रसाद सुवेदी, दक्षिण कोरियाका लागि नेपाली राजदूत ज्योति प्याकुरेल, मलेसिया लागि नेपाली राजदूत डिल्लीराज पौडेल, कतार लागि नेपाली राजदूत नरेशविक्रम ढकाल सहभागी छन् ।

साथै बहराइनका लागि नेपाली राजदूत तीर्थराज वाग्ले, पाकिस्तानका लागि नेपाली राजदूत तापस अधिकारी, कुवेतका लागि नेपाली राजदूत घनश्याम लम्साल, संयुक्त अरब इमिरेट्स्का लागि नेपाली राजदूत तेजबहादुर क्षेत्री, साउदी अरेयिबाका लागि नेपाली राजदूत नवराज सुवेदी लगायतले विदेशमा रहेका नेपाली कामदारको अवस्था र त्यसमा सुधार ल्याउन चाल्नुपर्ने कदमहरुबारे आफ्नो रिपोर्टसहितको धारणा राखेका छन् । कार्यक्रममा प्रधानमन्त्री प्रचण्ड, उपप्रधानमन्त्री एवम् रक्षामन्त्री पूर्णबहादुर खड्का, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी, परराष्ट्रमन्त्री नारायण प्रकाश (एनपी) साउद, प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार हरिबोल गजुरेल, नेपाल सरकारका सचिवहरु उपस्थित छन् । अन्तरक्रियामा मंगलबार प्रधानमन्त्री प्रचण्डले सम्बोधन गर्ने कार्यसूची रहेको छ।

## वैदेशिक...

वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारहरुका समस्या अध्ययन र समाधानका मार्ग पहिल्याउन काठमाडौंमा विभिन्न १३ देशमा कार्यरत नेपाली राजदूत बोलाएर अन्तरक्रिया शुरु गरेको भन्दै प्रधानमन्त्री दाहालले वैदेशिक रोजगारीमा जानुपर्ने कारण र गएकाहरुको भविष्य सुनिश्चित नगरेसम्म देशको दीगो विकास, परिवर्तन र रुपान्तरण सम्भव नहुने दाबी गरे । प्रधानमन्त्री दाहालले भने, 'के गरेर वैदेशिक रोजगारमा रहेकाहरुको हितरक्षा, सुरक्षा र आत्मसम्मान वृद्धि हुन्छ, त्यसमा गम्भीरतापूर्वक लागेको छु ।'

वैदेशिक रोजगारीमा रहेका युवायुवतीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्दा उनीहरुको भविष्य सुनिश्चित हुने निष्कर्षसहित विदेशमा रहेका २५ लाखभन्दा बढी नेपाली युवायुवतीहरुलाई कोषमा आवद्ध गराउने काम गरिरहेको पनि प्रधानमन्त्री दाहालले बताए ।


**यूएईको Semi Goverment कम्पनीमा रोजगारको अवसर**

कम्पनी: SANED FACILITY MANAGEMENT L.L.C. शहर: UAE
पूर्व स्वीकृत मितिः २०७८/११/२५ चलानी नं.: ६०१५५६५१ L.T. No.: 259284 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Baggage Handler/porter | 47 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३९,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaners | 37 | 10 | | 800 | २८,८४० | | | | | | | |
| 3. | Security Guard | 66 | 0 | | 1600 | ५७,६८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज २ गते (19 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ishan Lic. No.: 1195/073/074
श्रम इजाजत पत्र नं.: ११९५/०७३/०७४

**Ishan** International Overseas Pvt. Ltd.
New Baneshwor-34, Kathmandu, Tel.: 01-4796201, 4796202, Fax : 01-4796203
Branch Office: Atithi Sadan Road, Birtamod, Jhapa Tel: +23-590603, 590307
Email: isonepalos@gmail.com, Web.: www.ishanintl.com



**साउदीमा रोजगार |**

कम्पनी: JAL INTERNATIONAL COMPANY LTD.
शहर: Saudi Arabia, Al Khobar
पूर्व स्वीकृत मितिः २०८०/०५/२५ चलानी नं.: ६०२०७५५७ LT. No.: 292366

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 30 | 0 | स. काममा दक्ष | 1000 | ३५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २ गते (19 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
**LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.**
ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
BRANCH OFFICE'S:
Pokhara : 061590071 | 590070 | 9856036098 | 9825519206, Chitwan : 056-595592 | 9802909595,
Butwal : 071-533111 | 9857077841, Birtamod : 023-532754 | 9807981913, Janakpur: 9807806454 | 9851128051



**UAE मा वैदेशिक रोजगारको अवसर**

कम्पनी: CAREER LINE FOR EMPLOYMENT-SOLE PROPRIETORSHIP L.L.C. शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०५/२५ चलानी नं.: ६०२०७५५८ LT. No.: 292341

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Layer Assistant | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Brick Mason Assistant | 40 | 0 | | 1000 | ३६,०५० | | | | | | | |
| 3. | Carpenter | 20 | 0 | | 1200 | ४३,२६० | | | | | | | |
| 4. | Construction Carpenter | 30 | 0 | | 1200 | ४३,२६० | | | | | | | |
| 5. | Construction Carpenter Assistant | 50 | 0 | | 1000 | ३६,०५० | | | | | | | |
| 6. | Reinforcing Fitter Assistant | 50 | 0 | | 1000 | ३६,०५० | | | | | | | |

२. कम्पनी: UNITED INTERNATIONAL GROUP शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०५/२५ चलानी नं.: ६०२०७५५९ LT. No.: 292342

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Layer Assistant | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Brick Mason Assistant | 50 | 0 | | 1000 | ३६,०५० | | | | | | | |
| 3. | Carpenter | 30 | 0 | | 1200 | ४३,२६० | | | | | | | |
| 4. | Construction Carpenter | 75 | 0 | | 1200 | ४३,२६० | | | | | | | |
| 5. | Construction Carpenter Assistant | 75 | 0 | | 1000 | ३६,०५० | | | | | | | |
| 6. | Reinforcing Fitter Assistant | 50 | 0 | | 1000 | ३६,०५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २ गते (19 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अञ्जली ओभरसिज सर्भिस प्रा. लि.**
श्रम इजाजत नं. ६३९/०६३/०६४
सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटोहुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 01- Tel : 01- 4987207/4982296, E-mail : pro@anjalioverseas.com.np



**कुवेतमा रोजगार**

कम्पनी: AHMADIAH CONTRACTING AND TRADING COMPANY
शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/०५/२५ चलानी नं.: ६०२०७५६१ LT. No.:292424

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | A/c Techinician | 50 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५१,४९२ | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | छ | २ वर्ष |
| 2. | Asst Engineer | 10 | 0 | | 220 | ९४,४०२ | | | | | | | |
| 3. | Cable Jointer | 25 | 0 | | 175 | ७५,०९३ | | | | | | | |
| 4. | Cable Jointer (Asst) | 25 | 0 | | 120 | ५१,४९२ | | | | | | | |
| 5. | Carpenter (All Type) | 100 | 0 | | 120 | ५१,४९२ | | | | | | | |
| 6. | Construction Helper | 300 | 0 | | 90 | ३८,६१९ | | | | | | | |
| 7. | Crane Operator | 15 | 0 | | 180 | ७७,२३८ | | | | | | | |
| 8. | Duct Man | 25 | 0 | | 120 | ५१,४९२ | | | | | | | |
| 9. | Electrician | 25 | 0 | | 120 | ५१,४९२ | | | | | | | |
| 10. | Foreman | 20 | 0 | | 120 | ५१,४९२ | | | | | | | |
| 11. | Forklift | 20 | 0 | | 120 | ५१,४९२ | | | | | | | |
| 12. | Gas Cutter | 12 | 0 | | 120 | ५१,४९२ | | | | | | | |
| 13. | Heavy Driver | 50 | 0 | | 150 | ६४,३६५ | | | | | | | |
| 14. | Light Driver | 50 | 0 | | 130 | ५५,७८३ | | | | | | | |
| 15. | Mason (All-round) | 50 | 0 | | 120 | ५१,४९२ | | | | | | | |
| 16. | Painter | 50 | 0 | | 120 | ५१,४९२ | | | | | | | |
| 17. | Plumber | 50 | 0 | | 120 | ५१,४९२ | | | | | | | |
| 18. | Reinforce Fitter | 20 | 0 | | 120 | ५१,४९२ | | | | | | | |
| 19. | Rigger | 30 | 0 | | 125 | ५३,६३८ | | | | | | | |
| 20. | Safety Officer | 20 | 0 | | 120 | ५१,४९२ | | | | | | | |
| 21. | Scaffolder | 50 | 0 | | 120 | ५१,४९२ | | | | | | | |
| 22. | Steel Fixer | 50 | 0 | | 120 | ५१,४९२ | | | | | | | |
| 23. | Sub Engineer | 10 | 0 | | 220 | ९४,४०२ | | | | | | | |
| 24. | Supervisor | 10 | 0 | | 200 | ८५,८२० | | | | | | | |
| 25. | Tile Mason | 100 | 0 | | 120 | ५१,४९२ | | | | | | | |
| 26. | Welder | 50 | 0 | | 120 | ५१,४९२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० असोज २ गते (19 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदाले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदाले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदाले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**निलकमल ह्युमन रिसोर्स प्रा. लि.**
Gov. lic. No. 793/065/66
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोन: ५९१६७१३, ५९१६७१४, मो.: 9818394474, 9823614160
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com
Chitwan branch: 056598203



**खाँडादेवी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**माकादुम, रामेछाप**
**बागमती प्रदेश, नेपाल**

**नदिजन्य पदार्थको बिक्रिका लागि बोलपत्र आह्वान सम्बन्धी सूचना**

**दोस्रो पटक सूचना प्रकाशन मितिः २०८०/०५/२६**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(क) र प्रदेश आर्थिक **ऐन** २०८० को खण्ड ७ को अनुसूची-५ को सि.नं. (२) तथा यस खाँडादेवी गाउँपालिकाको सार्बजनिक खरिद नियमावली २०७६ को दफा १३८ (ज) मा ब्यबस्था भए अनुसार खाँडादेवी गाउँपालिकाको २०८०/०५/२४ गते बसेको १३१औं गाउँ कार्यपालिकाको बैठकको निर्णय बमोजिम सार्वजनिक खरिद **ऐन** २०६३ को दफा १४ को उपदफा ४ (क) बमोजिम पुन: सूचना आह्वान गरि आन्तरिक आय संकलन गर्ने कार्य अन्तर्गत तपशिल बमोजिमको नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी खाँडादेवी गाउँपालिकाले तोकिएको दरमा बिक्री गर्ने गरि आर्थिक वर्ष २०८०/०८१ का लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| क्र.स. | ठेक्का नं. | ठेक्काको विवरण | कुल जम्मा न्युनतम वर्षिक ठेक्का अंक रु. (मु.अ.क. बाहेक) | बोलपत्र फारम दस्तुर रु. | संकलन तथा निकासीको परिमाण (घ.फि.) | शुल्क प्रति घन फिट (मु. अ.क. बाहेक) |
|---|---|---|---|---|---|---|
| १. | KRM/NCB/REVENUE/01/2080/81 | Internal Revenue Collection of Extraction, Collection and Sales of River Bed Materials (Stone, Gravel, Aggregate and Sand) of Sunkoshi River in Khandadevi Rural Municipality | ६३,३५,९५४.२४९।– | ३,०००.००।- | ७,०३,९९४.९१७ | रु.९।- |
| २. | KRM/NCB/REVENUE/02/2080/81 | Internal Revenue Collection of Extraction, Collection and Sales of River Bed Materials (Stone, Gravel, Aggregate and Sand) of Tamakoshi River in Khandadevi Rural Municipality | ५२,८३,२८३.५४५।- | ३,०००.००।- | ५,८७,०३१.५०५ | रु.९।- |

१. सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र उपयुक्त बमोजिमको दस्तुर तिरी www.bolpatra.gov.np बाट कार्यालय समयमा खरिद गर्न सकिनेछ।
२. बोलपत्रको साथ बोलपत्र जमानत बराबरको रकम यस कार्यालयको लक्ष्मी सनराइज बैक लि. मा रहेको धरौटी खाता नं. ०८५०३०००१९० मा जम्मा गरेको सक्कल भौचर अथवा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी गरेको कम्तिमा १२० दिनको म्याद भएको बोलपत्र जमानत (bid security ) संलग्न राखी बोलपत्र फारमका साथ बोलपत्रदाताले अद्यावधिक नविकरण गरेको व्यावसाय दर्ताको प्रमाणित इजाजत पत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, आ.व. २०७८/७९ को कर चुक्ताको प्रमाणपत्र, बोलपत्र दस्तुर बापतको रकम यस कार्यालयको लक्ष्मी सनराइज बैक लि. रहेको आन्तरीक राजस्व खाता नं. ०८५०३००००२६ मा जम्मा गरेको भौचर (रकम फिर्ता नहुने) समेत समावेश गर्नुपनेछ। खरिद भएको बोलपत्र स्पष्ट सँग भरी यो सुचना प्रकाशित भएको मितिले १६ औँ दिन दिनको १२:०० बजेभित्र www.bolpatra.gov.np बाट कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ। संशोधन पेश गर्न चाहेमा १६ औं दिनको १२:०० बजे भित्र संशोधन पेश गर्नुपर्नेछ।
३. रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु दाखिला गर्ने अन्तिम दिन दिनको २:०० बजे विभिन्न कार्यालयको प्रतिनिधि एवं बोलपत्रदाता वा निजका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा बोलपत्रदाताको प्रतिनिधी उपस्थित नभएतापनि बोलपत्र खोल्ने काममा बाधा पर्ने छैन।
४. रित नपुगि म्याद नाघि तथा कुनै शर्त राखी आएका बोलपत्र उपर कुनै कारबाही हुने छैन।
५. कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस खाँडादेवी गाउँपालिकामा सुरक्षित रहेनछ। दर्ता हुन आएका बोलपत्रहरु मध्ये स्वीकृत बोलपत्रलाई सम्झौता गर्न आउन भनी सूचना दिईनेछ। सम्झौता भए पश्चात नियमानुसार कार्यादेश लिई कार्य संचान गर्नु पर्नेछ।
६. बोलपत्रदाताले बोलपत्रमा मूल्य अभिवृद्धि कर बाहेको ठेक्का अंक उल्लेख गर्नुपर्नेछ। प्रचलित कानुन बमोजिम बुझाउनु पर्ने कर दस्तुर ठेकेदार आफैले बुझाउनु पर्ने छ। मूल्य अभिवृद्धि करको हकमा प्रचलित कानुन बमोजिम लाग्ने मू.अ. कर रकम किस्ता भुक्तानी संगै अग्रिम रुपमा बुझाउनुपर्नेछ।
७. कर / शुल्क उठाउन आवश्यक कर्मचारी तथा रसिदको व्यवस्था ठेकेदार स्वयमले गर्नुपर्नेछ। नगदि रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई यस कार्यालयमा पेश गरी प्रमाणित गराई मात्र प्रयोग गर्नु पर्नेछ।
८. गाउँपलिकाले तोकेको स्थानमा मात्र संकलन केन्द्र राखी कर / शुल्क असुल गर्नु पर्नेछ। सवारी आवागमनलाई असर पर्ने गरी घाट राख्न पाईने छैन। बोलपत्र साथ रहेको धरौटी रकम ठेक्का अवधि समाप्त भएपछि आन्तरिक राजस्व कार्यालयबाट कर चुक्ता भएको प्रमाणपत्र पेश गरेपछि मात्र फिर्ता दिईनेछ।
९. यस ठेक्का उपर कुनै किसिमको विवाद भएमा यस गाउँपालिकाको निर्णय अन्तिम निर्णय हुनेछ।
१०. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ। सम्पर्क नं. ९८६००७५५२५, ९८५४०४३७४०, ९८५२८४९४४९

**प्रमुख प्रशासकीय अधिकृत**

# रौतहटका सरकारी विद्यालयहरुको शौचालय दुर्गन्धले प्रयोगविहीन

कृष्ण तिवारी/मध्यान्ह
रौतहट, २५ भदौ



शिक्षामा देशमै सबभन्दा पछाडि रहेको रौतहट जिल्लाको अधिकांश सरकारी विद्यालयहरुको शौचालय प्रयोग विहीन बनेको छ। सरसफाइको अभावमा जिल्लाको अधिकांश सरकारी विद्यालयहरुको शौचालय फोहोरबाट प्रयोग विहीन भएको हो।

माधवनारायण, देवाही गोनाही, गढिमाई, मौलापुर, गरुडा, वृन्दावन, कटहरिया, फतुवा विजयपुर नगरपालिका लगायत जिल्लाका १८ वटै स्थानीय तहहरुमा रहेको सरकारी विद्यालयको शौचालयको अवस्था दयनीय रहेको पाइएको छ।

जिल्लाका अधिकांश सरकारी विद्यालयहरुको शौचालय फोहोरबाट बन्द भइसकेको छ, तर सम्बन्धित निकायले फोहोर व्यवस्थापनमा कुनै चासो लिएका छैनन्।

फोहोरका कारण यहाँका विद्यालयहरुको शौचालय बन्द भएको वर्षोदिन बित्दा पनि सरसफाइ गर्नेतर्फ कसैले ध्यान दिन सकेका छैनन्।

शौचालय प्रयोग विहीन भइ बन्द हुँदा यहाँका छात्रछात्रा र शिक्षक शिक्षिकाहरु विद्यालयको कुना कप्चा र खुला आकाशमा शौच गर्न बाध्य छन्।

जिल्लाको फतुवा विजयपुर नगरपालिका ६ माध्यमिक विद्यालय टेंग्राहामा छात्र र छात्राको लागि अलग-अलग शौचालय रहेको छ, तर सरसफाइको अभावमा त्यहाँ रहेका सबै शौचालयहरु वर्षोदेखि बन्द भएका छन्। विद्यालयका बालबालिकाहरु खुला ठाउँमा नै गएर जेनतेन शौच गर्दै आएका छन्। यो विद्यालय एउटा उदाहरण मात्रै हो, तर यस्ता समस्या अधिकांश विद्यालयमा रहेका छन्।

शिक्षाको स्तर उकास्न सरकारले विद्यायहरुलाई वर्षेनी लाखौं रुपैयाँ दिने गरेको भएपनि विद्यालय व्यवस्थापन समितिले पनि शौचालयको फोहार व्यवस्थापनमा ध्यान दिन सकेको छैन। सरसफाइको अभावमा सरकारी विद्यालयको शौचालय बन्द भएको लामो समय बितिसक्दा पनि विद्यालय र निर्वाचित जनप्रतिनिधिहरुले सरसफाइ तथा मर्मत सम्भारमा कुनै ध्यान दिन सकेका छैनन्।

# क्यानडा पठाइदिने भन्दै ठग्ने पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारीका लागि क्यानडा पठाइदिने प्रलोभनमा पारेर १० लाख रुपैयाँ ठगी गरेको उजुरीका आधारमा एक युवक पक्राउ परेका छन्। उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको टोलीले झापा गौरादह नगरपालिका-७ घर भइ कागेश्वरी मनोहरा नगरपालिका-९ बस्ने २४ वर्षीय सुजन पुरीलाई पक्राउ गरेको बताएको छ।

पुरीले आफूबाट पटक-पटक गरी १० लाख रुपैयाँ ठगी गरेको भन्दै भूमिराज राईले वैदेशिक रोजगार विभागमा उजुरी दिएका थिए। पुरीलाई पक्राउ गरी थप अनुसन्धानका लागि वैदेशिक रोजगार विभाग ताहचल पठाइएको प्रहरीले बताएको छ।

## दुहुँ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
हिकिला, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

### सिलबन्दि दरभाउपत्र स्वीकृती सम्बन्धी सूचना

(प्रकाशित मिति : २०८०/०५/२६)

यस कार्यालयबाट विभिन्न मितिमा मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम पेश हुन आएका सिलबन्दि दरभाउपत्रमध्ये न्यूनतम मूल्याङ्कित तपशिल बमोजिमका दरभाउपत्र स्वीकृतका लागि छनोट गरिएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को २ र ३ प्रयोजनार्थ सम्वन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

निम्नः

| क्र.सं | ठेक्का नं. | कामको विवरण | छनोट दरभाउपत्रदाताको नाम र ठेगाना | कवोल अङ्क रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०२-२०८०।०८१ | स्वास्थ्य सामग्री खरिद | श्री महादेव सर्जिकल एण्ड ट्रेडर्स धनगढी, कैलाली। | १,७९,९१९०.५२ (मु.अ.कर सहित) | |
| २ | ०३-२०८०।०८१ | स्वास्थ्य औषधी खरिद | राधाकृष्ण फार्मेसि धनगढी, कैलाली। | ९,९९,०९७.४ (मु.अ.कर बाहेक) | |
| ३ | ०४-२०८०।०८१ | पशु औषधी खरिद | लक्ष्मी एग्रोभेट सेन्टर बागबजार, डडेलधुरा। | ६,३९,४०६ (मु.अ.कर बाहेक) | |
| ४ | ०५-२०८०।०८१ | आयुर्वेदिक औषधी खरिद | त्रिनेत्र आयुर्वेदिक फार्मेसी धनगढी, कैलाली | २,९७,८७७ (मु.अ.कर बाहेक) | |
| ५ | ०६-२०८०।०८१ | करेसाबारी निर्माणका लागि आवश्यक सामग्री खरिद (१) | हिमालयन एग्रोभेट एण्ड सप्लायर्स महाकालि ५, दार्चुला। | १९,७३,००० (मु.अ.कर बाहेक) | |

प्रमुख प्रशासकीय अधिकृत

# बीपी प्रतिष्ठानका अधिकृत साहविरुद्ध भ्रष्टाचार मुद्दा




**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सुनसरीको धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको इलेक्ट्रिक इन्जिनियरिङ शाखामा कार्यरत अधिकृत तेज नारायण साहविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। अख्तियारले अधिकृत साहविरुद्ध सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको आरोपमा सोमबार विशेष अदालतमा मुद्दा दायर गरेको हो।

अधिकृत साहले प्रतिष्ठानको हातामा सञ्चालनमा रहेका विभिन्न व्यवसायीहरुबाट विद्युत महशुलबापत ३३ लाख २० हजार २ सय २६ रुपैयाँ उठाई विद्युत महशुलसम्बन्धी सर्भरको दुरुपयोग गरी गलत बिल भौचर जारी गरी उक्त रकम प्रतिष्ठानको खातामा जम्मा नगरी सार्वजनिक सम्पत्ति हिनामिना गरेको देखिएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए।

उनीविरुद्ध ३३ लाख २० हजार २ सय २६ रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा ऐ.ऐ. ऐनको दफा ३ को उपदफा (१) को (छ) बमोजिम कैद सजाय र जरिवाना हुन तथा हानिनोक्सानी भएको बिगोसमेत असुल उपर गर्न मागदाबी लिइएको अख्तियारका प्रवक्ता दाहालले बताए।

**नक्कली शैक्षिक प्रमाणपत्र पेश गरेको आरोपमा भ्रष्टाचार मुद्दा**

श्री कन्यादेवी आधारभूत विद्यालय, विदुर नगरपालिका-१३, नुवाकोटका प्रावि तृतीय शिक्षक मञ्जु कुमारी थापा (ओझा) विरुद्ध नक्कली शैक्षिक प्रमाणपत्र पेश गरेको आरोपमा भ्रष्टाचार मुद्दा दायर भएको छ।

शिक्षिका थापाले भारतबाट एसएलसी तहको नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र ल्याई सरकारी विद्यालयमा पढाएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जनाएको छ।

शिक्षिका ओझाले मिति २०५५ मंसिर ११ मा साविक श्री कन्यादेवी निम्न माध्यमिक विद्यालय, नुवाकोटमा प्रावि तहको अस्थायी शिक्षक दरबन्दीमा नियुक्ति हुन र मिति २०७५ चैत २९ मा श्री कन्यादेवी आधारभूत विद्यालय, नुवाकोटमा स्थायी नियुक्ति हुनका लागि विहार संस्कृत शिक्षा बोर्ड, भारतबाट मध्यमा तहको परीक्षा उतिर्ण गरेको भनी झुट्टा शैक्षिक प्रमाणपत्र पेश गरेको अख्तियारको ठहर छ। शिक्षकको हैसियतमा लाभ लिई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको अख्तियारको भनाइ छ।

उनीविरुद्ध साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदावी लिई सोमबार विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

## Invitation for Bids

## Kawasoti Municipality
## Office of the Municipal Executive
Gandaki Province, Nepal

### Invitation For Bids

Date of publication; 12th Sept, 2023 (2080/05/26 BS)

1. Kawasoti Municipality invites Elotronic Bids from eligible bidders for the following works,

| Identification N0. | Description of work, Location of work | Cost of Bidding Document Nrs. | Bid Bond Amount Nrs. | Last Date and Time of Bid Purches | Last Date and Time of Bid Submission | Bid opening Date and Time | Estimate Amount (With VAT) |
|---|---|---|---|---|---|---|---|
| 02/KM/EB /2080-081 goods | Supply,Delivery and Procurement of Miscellaneous Items, Kawasoti Municipality Office, Nawalparasi(East) | 3,000/- | 1,36,275.87 | 12th Oct., 2023 (2080/06/25 BS) 5:00 PM | 13th Oct.,2023 (2080/06/26BS) 12:00 Noon | 13th Oct.,2023 (2080/06/26BS) 2:00 PM | 45,42,529.25 |

2. Eligible Bidders may obtain further information from office of Kawasoti Municipality (Kharid ekai phone no 9847428193 at office time) or may visit PPMO website www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

प्रकाशित मिति : २०८०/०५/२६ गते

यस फर्म/कम्पनीले चाईना/इण्डिया बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| सि. नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य रु. | अधिकतम खुद्रा विक्री मूल्य रु. (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Led TV | 800*135*500 | ROWA | 32DN7000S | 32” | India | PCS | 15,900.00 | 15,900.00 | |
| 2 | Led TV | 1060*155*650 | ROWA | 43RS7000FHD | 43” | India | PCS | 30,900.00 | 30,900.00 | |
| 3 | Led TV | 800*135*500 | HITECH | 32HS3600HD | 32” | India | PCS | 15,900.00 | 15,900.00 | |

जे.एन इण्डस्ट्रीज प्रा.लि. सँत्तुगल, काठमाडौं, फोन नं. : ९८०१२३५०८०    स्थायी लेखा नं.: ६०१८५६५५८

## साउदीमा रोजगार | कम्पनीः ASTER INDUSTRY FACTORY.
शहरः SAUDI ARABIA

पूर्व स्वीकृत मितिः२०८०/०५/२५    चलानी नं.:६०२०७५४६    L.T. No.:292367

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Upload and Download Agent | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज २ गते (19 September 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं. ८३४/०६६/०६७

## चाँदनी म्यानेजमेन्ट सर्भिसेज प्रा. लि.
Chandani Management Services Pvt.Ltd.
Basundhara-3, Kathmandu, Nepal, Phone No: 01-4955422, 4960522
Email: chandanimanpower@gmail.com/website: cmsmanpower.com



मध्यान्ह
www.madhyanhadaily.com
२६ भदौ २०८०, मंगलबार
12 September 2023, Tuesday

सम्पादकीय

## बिपी (न)सम्झेको कांग्रेस

प्रमुख सत्तारूढ दल नेपाली कांग्रेसले पार्टीका संस्थापक नेता विश्वेश्वरप्रसाद (बीपी) कोइरालाको ११० औं जन्मजयन्तीको अवसरमा आइतबारदेखि विभिन्न सिर्जनात्मक कार्यक्रम गरिरहेको छ । यसपटक संस्थागत निर्णय गरेरै बीपीले नेपाली राजनीति र साहित्य क्षेत्रमा पुर्‍याएको योगदान सम्झन दिग्गज व्यक्तिहरू आमन्त्रण गरेर केन्द्रीय कार्यालय सानेपामा बिमर्श गरिरहेको छ । बिमर्शमा बीपीको व्यक्तित्व केन्द्रीत भएर अनेक कल्पना भइरहेको छ । जहानीय राणाशासन, राजतन्त्र र पञ्चायती कालखण्डमा बीपीको व्यक्तित्व जति अग्लो थियो, त्यस आधारमा उनी बिमर्शका निम्ति योग्य पात्र रहेकोमा संभवतः धेरै बिमति नहोला । बरू बीपीलाई बेलाबेला भव्यताका साथ सम्झने कांग्रेसबारे समीक्षा हुनु चाहिँ संभवतः आजको आवश्यकता होला । किनकि बीपीले कल्पना गरेको र अगाडि बढाएको कार्यक्रमलाई सार्थकता दिने संरचना कांग्रेस नै हो ।

तर आजको कांग्रेसको अवस्था हेर्ने हो भने यो पार्टीका संस्थापक र कल्पनाकार नेता बीपी रहेको भन्न लजाउनुपर्ने अवस्था छ । बीपीले २००७ सालको क्रान्ति लगत्तै समाजवादी राज्य व्यवस्थालाई पार्टीको मार्गदर्शन मानेका थिए । त्यसैआधारमा पार्टी संरचना र कार्यक्रम तयार पारेका बीपीले २०१५ सालमा अत्याधिक जनमतको आधारमा मुलुकको नेतृत्व गरे । आफू नेतृत्वको सरकार मार्फत् समाजवादी कार्यक्रमहरू अगाडि सारे । भलै राजा महेन्द्रले पञ्चायती व्यवस्था शुरू गरेपछि बीपीको राजनीति फेरि जेल, सत्याग्रह र निवार्सनतिर धकेलियो । तर समायान्तरमा बीपीले २०१२ सालमै भनेको समाजवादलाई गन्तव्य बनाएर २०७२ मा संविधान जारी भयो ।

२०७२ को संविधान कार्यान्वयन गर्नु कांग्रेसको संभवतः बढी दायित्व हो । किनकि मुलुकको पुरानो र अहिलेपनि सवैभन्दा ठूलो दल कांग्रेस नै हो । तर कांग्रेस जुन प्रकृतिको संरचना र शैलीमा चलिरहेको छ, त्यसलाई आधार मानेर हेर्दा मुलुक संविधान बमोजिम अगाडि बढ्नेमा प्रशस्त सन्देह हुन्छ । स्वयम् कांग्रेस आफ्नो विधान अनुसारको संरचना निर्माण गर्न सकिरहेको छैन । संभावित संकटको भयबाट नागरिक भयभित छन् । त्यो भय हटाउँदै नागरिकमा भरोसा दिलाउनुपर्ने कांग्रेस अहिले सत्ताको सामान्य सहयात्री मात्रै बन्न पुगेको छ । सुशासनको प्रत्याभूति दिलाउँदै सामाजिक न्याय स्थापनामा प्रतिबद्ध रहेको कांग्रेसले अनुभूति दिलाउन सकेको छैन । बरू नागरिकको आँखामा गलत देखिएका र भएका काममै कांग्रेस रमाइरहेको देखिन्छ । जबकी मुलुक समृद्धि हुन कांग्रेसको आन्तरिक राजनीतिको विशेष अर्थ हुन्छ । यसतर्फ ध्यान नदिने हो भने बीपीप्रतिको श्रद्धा र उनको योगदानमा आधारित बिमर्शको उपदेयता देखिन्न । यसतर्फ कांग्रेसले सोच्न आवश्यक छ ।

# जनसाङ्ख्यिक लाभको सुनौलो समय

अग्रलेख



● चेतन अधिकारी

हिमाल पहाड तराईको संगमस्थल, पर्यटकीय दृष्टिकोणले संसारकै अब्बलमध्येको एक देश, सगरमाथादेखि केचनासम्मको देश, यस्तो सुन्दर देशमा बस्ने नेपाली पनि सुन्दर हुने नै भए । त्यसमाथि हाम्रो देशको जनसंख्याको बनावट यतिबेला झन् सुन्दर देखिन्छ । ‘कन्ट्री अफ युथ’ अर्थात् युवाको देश नेपाल भनिने नेपाल अहिले सुनौलो युगमा छ । तथापि स्वर्ण युगलाई नेपालले नै उपयोग गरिरहेको छ कि अरु कसैले ? अहिलेको अह प्रश्न हो यो ।

प्राकृतिक स्रोतको सीमितताका कारण मानव स्रोत विश्वको वैकल्पिक सम्पदा हो । नेपाल अहिले त्यस्तै अथाह सम्भावनायुक्त मानव स्रोतको भण्डार बोकेर बसेको छ । तर यो भण्डारलाई हामीले उपयोग गर्न सकेका छौं कि छैनौं ? यो बहसको विषय हो । निश्चय नै मानव स्रोतयुक्त अहिलेको अवस्थालाई नेपालले उपयोग गर्न सकेको छैन । बरु यहाँबाट समृद्धिका हरेक सम्भावना हरेक दिन जेट विमान चढेर विश्वका विभिन्न देशका पुगिरहेका छन् ।

